आज मिति २०८१।०५।०१।०७ गतेका पिपरा गाउँपालिकाद्वारा गठित शैक्षिक गुणस्तर सुधार समितिको बैठक प्रध्यापक श्री मिथिलेश यादव ज्यूको संयोजकत्वमा बस्दा निम्न अनुसारको उपस्थिति रहियो।

उपस्थिति

१) प्रो. श्री मथिलेश कुमार यादव

२) श्री विपिन कुमार पाण्डेय

३) श्री राम प्रताप पासवान

४) श्री विनित पाण्डेय

५) श्री देवेन्द्र कापर

प्रस्ताव

१) समितिको प्रगति प्रतिवेदन, वित्तिय(आर्थिक) प्रतिवेदन, भौतिक प्रतिवेदन तथा आगामी कार्ययोजना विवरण सम्बन्धमा।

निर्णय

१) प्रसताव नं. १ माथि छलफल गर्दा समितिको सिमित साधनस्रोतका बाबजूद तपसिल बमोजिमको प्रगति प्रतिवेदन, वित्तिय(आर्थिक) प्रतिवेदन, भौतिक प्रतिवेदन तथा आगामी कार्ययोजना विवरण सार्वजनिक गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

समितिको प्रगति विवरणः

१) पिपरा गाउँपालिका, महोत्तरी द्वारा बोलाइएको सर्वदलिय, सर्वपक्षिय बैठकको निर्णय अनुसार गाउँपालिका अध्यक्ष श्री रामजानकी यादव ज्यूले उपरोक्त हामी ५ सदस्यीय समिति गठन मिति २०८१।०३।२६ गते गठन गर्नु भएको र सोही मिति देखि समितिले कार्य संचालन गर्दै आइरहेको,
२) समितिका हामी सदस्यहरुले प्रो. श्री मेथिलेश यादव ज्यू लाई संयोजकमा सर्वसहमतिले चयन गरिएको,
३) समितिको सूचना अधिकारी तथा प्रवक्तामा समितिका सदस्य श्री विनित पाण्डेय लाई सर्वसहमतिले चयन गरिएको,

शैक्षिक गुणस्तर सुधार समिति ★ स्था : २०८१ ★ पिपरा गाउँपालिका महोत्तरी

Scanned with CamScanner

४) पिपरा गाउँपालिकामा रहेका ६ वटा माध्यमिक विद्यालय, २ वटा आधारभूत (०-८) विद्यालय र ८ वटा आधारभूत (०-५) विद्यालय गरी जम्मा १६ वटा विद्यालय रहेको छ। वडागत हेर्दा सामुदायिक विद्यालय यस प्रकार रहेको छ।

| सि.नं. | वडा नं. | विद्यालय | तह |
|---|---|---|---|
| १ | १ | श्री नेपाल राष्ट्रिय जनता आधारभूत विद्यालय एकरहिया जम्हरिया | आधारभूत (०-८) |
| २ | १ | श्री माध्यमिक विद्यालय खैरवा | माध्यमिक (०-१२) |
| ३ | १ | श्री राष्ट्रिय आ. वि. ढेकहा | आधारभूत (०-५) |
| ४ | २ | श्री राष्ट्रिय मा.वि. अतराढ | माध्यमिक (०-१०) |
| ५ | २ | श्री जनता आ. वि. अल्लिपट्टी | आधारभूत (०-५) |
| ६ | २ | श्री राष्ट्रिय आ.वि. अल्लिपट्टी | आधारभूत (०-५) |
| ७ | ३ | श्री राष्ट्रिय आ. वि. पिपरा | आधारभूत (०-५) |
| ८ | ४ | श्री रा.ना.अ.मा.वि. पिपरा | माध्यमिक (०-१२) |
| ९ | ४ | श्री दलित राष्ट्रिय आ. वि. पिपरा | आधारभूत (०-५) |
| १० | ५ | श्री माध्यमिक विद्यालय सहोडवा | माध्यमिक (०-१०) |
| ११ | ५ | श्री सरस्वती आ. वि. सहोडवा | आधारभूत (०-५) |
| १२ | ५ | श्री ने.रा.भवानी सार्वजनिक वि. हर्दिया | आधारभूत (०-८) |
| १३ | ६ | श्री आदर्श मा.वि. रतौली | माध्यमिक (०-१२) |
| १४ | ६ | श्री रामजस आ.वि. रतनपुर | आधारभूत (०-५) |
| १५ | ७ | श्री मा. वि. बनौली | माध्यमिक (०-१०) |
| १६ | ७ | श्री राष्ट्रिय आ. वि. दोनौली | आधारभूत (०-५) |

५) समितिद्वारा उपरोक्त प्रत्येक विद्यालयको प्रथम चरणको एक चोटी भौतिक, प्रशासनीक, व्यवस्थापकीय र शैक्षणिक अवस्थाको अवलोकन, निरिक्षण र अनुगमन गरिएको छ। त्यसै क्रममा उक्त विद्यालयका प्र.अ. , शिक्षक र कर्मचारीहरु सित पठनपाठन सम्बन्धी, विद्यालयको भौतिक र प्रशासनीक अवस्था तथा शिक्षक पेशागत सम्बन्धी सैधान्तिक छलफल भएको छ।

६) सामुदायिक विद्यालय ०-१२ संग सम्बन्धित सन्दर्भसामग्री, स्रोत सामग्री, ऐन, नियम, निर्देशिका, कार्यविधि, नीति, रणनीति, मापदण्ड, मार्गदर्शन, सहजिकरण पुस्तिका, पाठ्य सामाग्री, शिक्षक निर्देशिका, विद्यालय क्षेत्र विकास योजना, शिक्षा क्षेत्र योजना, विद्यालय सुधार योजना, कार्यक्रम कार्यान्वयन पुस्तिका, IEMIS, विद्यालय कार्यसम्पादन परिक्षण साधन, संघ प्रदेश र स्थानीय तहको वार्षिक नीति कार्यक्रम तथा वजेट , विषयगत कक्षागत पाठ योजना, विषयगत कक्षगत वार्षिक

शैक्षिक गुणस्तर सुधार समिति
स्था : २०८१
पिपरा गाउँपालिका महोत्तरी

Scanned with CamScanner

शैक्षणिक योजना, पाठ्यक्रम प्रारुप, पेशागत प्रारुप, विभिन्न शैक्षणिक योजनाहरु, विभिन्न कार्यढाँचाहरु, विभिन्न प्रतिवेदनहरु, वार्षिक क्यालेण्डर लगायतका ४०० भन्दा बढी दस्तावेजहरुको डाउनलोड, केहीको प्रिन्टीङ र बाइन्डिङ तथा उक्त दस्तावेजहरुको अध्ययनको कार्य भएको भइरहेको छ।

७) विद्यालय सम्बन्धी, शैक्षणिक सम्बन्धी, व्यवस्थापन सम्बन्धी, अनुगमन सम्बन्धी लगायतका शैक्षणिक सूचक अनुसारको फारामहरुको निर्माणका कार्य भएको भइरहेको छ।

## समितिको वित्तीय (आर्थिक) विवरणः

१) यस समितिद्वारा कुनै किसिमको आर्थिक कारोवार नभएको नगरेको,

२) समितिका प्रत्येक सदस्यले कुनै किसिमको भत्ता, तलब वा अन्य कुनै किसिमको आर्थिक लाभ नलिएको नरहेको र समितिका सबै सदस्यहरुले भोलेन्टियरी रुपमा कार्य गरिरहेको छ।

३) समितिलाई चाहिने अतिआवश्यक सामाग्रीहरु समितिको अनुरोधमा पिपरा गाउँकार्यपालिकाको कार्यालय द्वरा उपलब्ध हुने गरेको छ।

## समितिको भौतिक विवरणः

समितिको कार्य गर्नका लागि पालिकाबाट उपलब्ध सामाग्रीहरुको विवरणः

खर्च भएर नजाने सामानहरुः समितिको कार्य सम्पन्न पश्चात सम्बन्धित कार्यालयलाई फिर्ता बुझाउनु पर्ने।

१) ल्यापटप (पुरानो) १ थान,

२) क्यानोन प्रिन्टर (नयाँ) १ थान,

३) पेनड्राइभ ६४ जिवि १ थान,

खर्च भएरजाने सामानहरुः

१) केही स्टेशनरी सामानहरु (डटलेन, पेन्सिल, स्टेप्लर, स्केल, रजिष्टर, पंचिङ मेसिन, फाइल, A4पेपर इत्यादी)

२) फिल्ड तथा मौसम अनुसारका सामाग्रीहरु (बैग, छाता)

समितिको कार्य गर्नका लागि समितिका सदस्यहरु आफ्नै श्रोत साधनहरुको प्रयोग गरेकोः

१) कार्यालय व्यवस्थापन समितिले आफ्नै श्रोत साधनको प्रयोग गरेको,

Scanned with CamScanner

२) इन्टरनेटको व्यवस्था समितिले आफ्नै श्रोत साधनको प्रयोग गरेको

३) चिया खाजा पानी ,, ,, ,, ,,

४) विजुली बत्ती ,, ,, ,, ,,

शैक्षिक गुणस्तर सुधार समिति ★ स्था : २०८१ ★ पिपरा गाउँपालिका महोत्तरी

समितिको आगामी कार्ययोजनाः

१) शैक्षिक गुणस्तर तथा विद्यालय सुधार संग सम्बन्धित सन्दर्भसामग्री, स्रोत सामग्री, ऐन, नियम, निर्देशिका, कार्यविधि, नीति, रणनीति, मापदण्ड, मार्गदर्शन, सहजिकरण पुस्तिका, पाठ्य सामाग्री, शिक्षक निर्देशिका, विद्यालय क्षेत्र विकास योजना, शिक्षा क्षेत्र योजना, विद्यालय सुधार योजना, कार्यक्रम कार्यान्वयन पुस्तिका, IEMIS, विद्यालय कार्यसम्पादन परिक्षण साधन, संघ प्रदेश र स्थानीय तहको वार्षिक नीति कार्यक्रम तथा वजेट , विषयगत कक्षागत पाठ योजना, विषयगत कक्षगत वार्षिक शैक्षणिक योजना, पाठ्यक्रम प्रारुप, पेशागत प्रारुप, विभिन्न शैक्षणिक योजनाहरु, विभिन्न कार्यढाँचाहरु, विभिन्न प्रतिवेदनहरु, वार्षिक क्यालेण्डर लगायतका ४०० भन्दा बढी दस्तावेजहरुको अध्ययन अनुसन्धानको कार्य,

२) विद्यालय संम्बन्धी, शैक्षणिक सम्वन्धी, व्यवस्थापन सम्बन्धी, अनुगमन सम्बन्धी लगायतका शैक्षणिक सूचक अनुसारको फारामहरुको निर्माणका कार्य,

३) शिक्षा विज्ञहरु सित पिपरा पालिकाको सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार, विद्यालय सुधार, विद्यालय प्रशासनिक, विद्यालय व्यवस्थापन, पठनपाठन, शिक्षक पेशागत लगायतका विषयमा राय, परामर्श, सुझाव सम्बन्धी सैधान्तिक छलफल,

४) राम्रो पठनपाठन हुने विभिन्न विद्यालयहरुको अवलोकन,

५) यस पालिका भित्रका सामुदायिक विद्यालयहरुका प्र.अ. शिक्षक सित शैक्षणिक तथा विद्यालय सुधार सम्बन्धी सैद्धान्तिक तथा दफावार छलफल,

६) यस पालिका भित्रका सामुदायिक विद्यालयहरुका व्यवस्थापन समिति सित शैक्षणिक तथा विद्यालय सुधार सम्बन्धी सैद्धान्तिक तथा दफावार छलफल,

७) यस पालिका भित्रका सामुदायिक विद्यालयहरुका शिक्षक ज्यू सित शैक्षणिक तथा विद्यालय सुधार सम्वन्धी सैद्धान्तिक तथा दफावार छलफल,

८) यस पालिकाका सबै वडा कार्यसमित/वडा शिक्षा समिति सित शैक्षणिक तथा विद्यालय सुधार सम्बन्धी सैद्धान्तिक तथा दफावार छलफल,

९) पिपरा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारी सित शैक्षणिक तथा विद्यालय सुधार सम्बन्धी सैद्धान्तिक तथा दफावार छलफल,

शैक्षिक गुणस्तर सुधार समिति ★ स्था : २०८१ ★ पिपरा गाउँपालिका महोत्तरी

Scanned with CamScanner

१०) तहगत तथा कक्षागत विद्यार्थी सित पठनपाठन तथा विद्यालयको समग्र स्थिति सम्बन्धी सैद्धान्तिक तथा दफावार छलफल,

११)तहगत कक्षागत अभिभावक सित सैद्धान्तिक छलफल,

१२)समुदाय, नागरिक समाज, शिक्षा प्रेमी, सेवानिवृत शिक्षक ज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु लगायत संग सैद्धान्तिक छलफल,

१३) शैक्षणिक सूचक अनुसार विद्यालय, पठनपाठन, विद्यालय प्रशासन, आर्थिक तथा व्यवस्थापकीय पक्ष लगायतका विषय उपर विद्यालयगत रुपमा दफावार निरिक्षण, अनुगमन, अवलोकन,

१४)अन्य, विषयगत समय सान्दर्भिक रुपमा आएका विषयवस्तुहरु उपर सम्बन्धित कार्य, इत्यादी,

१५)प्रतिवेदन लेखन, तयार, छलफल तथा प्रतिवेदन बुझाउने कार्य,

शैक्षिक गुणस्तर सुधार समिति
पिपरा गाउँपालिका,महोत्तरी
स्थापना :-२०८१

Scanned with CamScanner